**नेपाल सरकार**

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**प्रेस विज्ञप्ति**

मिति २०७६ मंसिर १७ गते मंगलबार माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री हृदयेश त्रिपाठीज्यूको अध्यक्षतामा आ.व.२०७६/०७७ को प्रथम चौमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो। उक्त बैठकमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री मीन बहादुर शाही, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री यादव प्रसाद कोइराला, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री पुण्य प्रसाद न्यौपाने, मन्त्रालयका सह-सचिवहरु तथा विभागका महानिर्देशकहरु, राष्ट्रिय योजना आयोग, कार्यक्रम/आयोजनाका प्रमुख, समिति, आयोग र प्रतिष्ठानहरुका साथै अन्य कर्मचारी र विभिन्न संचार माध्यमका संचारकर्मीहरु समेतको उपस्थिति रहेको थियो। कार्यक्रममा माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीज्यूले प्रथम चौमासिक अबधिको समग्र भौतिक तथा वित्तीय प्रगति सन्तोषजनक रहेता पनि थप उपलब्धिमुलक बनाउनका लागि बजेट, नीति तथा कार्यक्रम र लक्ष्यभित्र रहेर नविनतम् ढंगबाट कार्य गर्नका लागि निर्देशन दिनुभयो। त्यसैगरी वहाँले कर्मचारीहरुले उच्च मनोबलका साथ संविधान र विद्यमान कानूनले दिएको क्षेत्राधिकारभित्र रहेर आर्थिक अनुशासन कायम राख्दै नतिजामुखी काम गर्न निर्देशन दिनुभयो। साथै उहाँले समस्याहरुको सृजनात्मक समाधानमा जोड दिनुभयो। योजना कार्यान्वयनमा देखिएका चुनौति तथा समस्याहरु नदोहोरिने र शत प्रतिशत प्रगति हासील गर्ने गरि कार्य गर्न मन्त्रालय मातहतका सबै निकायहरुलाई निर्देशन समेत दिनुभयो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री मीन बहादुर शाहीले मन्त्रालयको कार्यक्रम कार्यान्वयन प्रगति सन्तोषजनक रहेता पनि वित्तीय र भौतिक प्रगति वीच सन्तुलन कायम गर्न जोड दिनुभयो। साथै आवधिक योजनाका राष्ट्रिय लक्ष्यहरुसँग अन्तर आबद्धता देखिने गरी प्रगतिको समिक्षा गर्नुपर्ने धारणा व्यक्त गर्नु भयो। प्रदेश तथा स्थानीय तहका योजनाहरु कतै एक्लै त हिडिरहेका छैनन् भन्दै स्थानीय तहहरुको योजना तथा कार्यक्रमहरु सङ्घीय योजना कार्यक्रमसँग अन्तरआवद्ध हुनुपर्ने विषयमा उहाँले थप ध्यानाकर्षण गराउँनु भयो। यसका अतिरिक्त उँहाले SDGs लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई तीनै तहका योजनाहरुमा आन्तरिकीकरण गर्नुपर्ने, स्थानीय स्तरमा प्राकृतिक स्रोत साधनको सही सदुपयोग हुन नसकेको र यसको नियन्त्रण तथा व्यवस्थापन कार्यमा मन्त्रालयको ध्यान जानुपर्ने सुझाव समेत व्यक्त गर्नुभयो। अन्त्यमा, उहाँले मन्त्रालय र यस अन्तर्गतका निकायमा भएको बेरुजु फछ्र्यौटमा विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

मन्तब्यकै क्रममा मन्त्रालयका सचिव श्री यादव प्रसाद कोइरालाले चौमासिक समीक्षामा सहभागीहरुद्वारा उठाइएका सवालहरुको जवाफ दिँदै मन्त्रालयवाट भएका महत्त्वपूर्ण कार्यहरुको बारेमा संक्षेपमा प्रष्ट पार्नुभयो।उक्त अबसरमा उहाँले चालु आर्थिक बर्षको लागि मन्त्रालयको स्वीकृत बार्षिक कार्यक्रम र लक्ष्य हासिल गर्न सबै निकायहरुलाई निर्देशन दिनुभयो। उहाँले अन्तर मन्त्रालय समन्वय सृजनात्मक र प्रभावकारी हुन नसक्दा चालु आयोजना र कार्यक्रमहरु संचालनमा कठिनाई उत्पन्न भइ प्रथम चौमासिक लक्ष्य अपेक्षाकृत पूरा हुन नसकेको व्यहोरा अवगत गराउनु भयो। साथै अन्तर मन्त्रालयबीच समन्वय र सहजीकरण गरि आवश्यक नीति ,योजना र कार्यबिधिबीच सहजीकरण गर्नुपर्ने बिषय लाई जोड दिनुभयो। यसैगरि आगामी समीक्षामा मन्त्रालय वा अन्तर्गतका निकायले निर्दिस्ट ढाचामा तोकिएको सम्पूर्ण जिम्मेवारी पुरा गर्न निर्देशन दिनुभयो। साविक स्थानीय निकाय (साविक जिवि.स.)हरुको वेरुजु फछ्र्यौटमा चुनौति रहेको औंल्याउदै उहाँले कर्मचारीहरु तथा स्थानीय तहका पदाधिकारीहरुको क्षमता विकासमा मन्त्रालय क्रियाशील रहेको र सो सँग सम्बन्धित विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा निरन्तरता दिइएको समेत जानकारी गराउनु भयो।